मितिः २०८१ श्रावण २८ गते

समयः विहान ११:०० बजे

स्थानः सभाहल, कैलाश गाउँपालिका

आज मिति २०८१ साल श्रावण २८ गते सोमबार दिन गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका विषय एवं प्रस्तावहरु उपर छलफल गरी निम्नानुसार निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बहादुर मुक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कुमार भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | Bhuvun. |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | |
| १७ | श्री गोरीमाया बुलुन | कार्यपालिका सदस्य | |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | |
| १९ | श्री विनोद रोका | सदस्य-सचिव (प्र.प्र.अ) | विनोद रोका<br>प्रमुख प्रशासकीय अधिकृत |

<u>कार्यपालिका बैठकमा छलफल हुने विषयहरु:</u>

१. संघीय सशर्त योजना <u>मनहरी खोला पक्की पुल देखि नामटार कालिकाटार सडक</u> क्रमागत रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा।

२. गाउँपालिकाका एम्बुलेन्स चालकहरुको भत्ता थप गर्ने सम्बन्धमा।

३. वार्षिक खरिद योजना/ कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।

४. आर्थिक वर्ष २०८०/०८१ दर विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने।

५. प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा उपयोग हुने नदीजन्य पदार्थको राजस्व बुझाउन सम्बद्ध प्रदेश सरकारका निकायलाई अनुरोध गर्ने सम्बन्धमा।

६. विविध।

## निर्णयहरु:

**निर्णय नं. १** यस गाउँपालिकाको वडा नं. ९, १० र ३ मा पर्ने मूख्य सडक मनहरी खोला पक्की पुल देखि नामटार कालिकाटार सडक (सल्याब ढलान तथा कालोपत्रे) को लागि कुल लागत रु ८ करोड रहेकोमा सोही अनुरुप चालु आ.व. २०८१/०८२ मा संघीय समपुरक अनुदान वापत रु ६५ लाख बजेट विनियोजन भएको र यस योजनालाई बहुवर्षीय/क्रमागत योजना बनाई समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को दफा ३ (२) 'क' मा तोकिएको बजेटको सीमा भित्र रही सोही कार्यविधिको दफा ३ (३) मा तोकिएको समयावधि भित्र सम्पन्न गर्ने गरी रु ८ करोडको लागत इस्टिमेट तयार गरी टेण्डर आव्हान गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**निर्णय नं.२** यस गाउँपालिकाको डाँडाखर्क स्वास्थ्य चौकी, कैलाश-१ र कटुञ्जे स्वास्थ्य चौकी, कैलाश-३ मा रहेका एम्बुलेन्स चालकहरुको समयानुकुल तलब बाहेको भत्ता निर्धारण गर्नुपर्ने भएकोले एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं. ३.१० बमोजिम देहाय बमोजिम भत्ता निर्धारण गर्ने निर्णय गरियो।

तपसिल:

क. कालिकाटार र डाँडाखर्कबाट विरामी लिई हेटौंडा जाँदा प्रति टिप: रु ८००/-

ख. कालिकाटार र डाँडाखर्कबाट विरामी लिई काडमाडौं वा चितवन जाँदा प्रति टिप: रु १२००/-

**निर्णय नं. ३** गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको तोकिएको समयसीमा भित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि शाखागत तथा वडागत रुपमा प्राप्त हुन आएको वार्षिक खरिद योजना/ कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** प्राविधिक शाखाबाट पेश हुन आएको आर्थिक बर्ष २०८१/०८२ को भवन, सडक, खानेपानी, स्यानीटर, सिंचाई तथा इलेक्ट्रिकलसँग सम्बन्धित दर विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने।

**निर्णय नं. ५** आर्थिक वर्ष २०८१/०८२ मा वागमती प्रदेश सरकार अन्तर्गतका विभिन्न विषयगत कार्यालयहरुबाट यस गाउँपालिकामा कार्यान्वयन हुने स्वीकृत योजना तथा कार्यक्रमहरुको लागत अनुमान बमोजिम आवश्यक पर्ने नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, रोडा) गाउँपालिका क्षेत्रभित्रका नदी तथा खोलाहरुबाट उपयोग गर्नुपर्ने भएमा गाउँपालिकाबाट अनिवार्य अनुमति लिई त्यस्ता नदीजन्य पदार्थ उपयोग गर्ने र सो उपयोग गरेवापत परिमाण बमोजिमको राजस्व गाउँपालिकामा बुझाउनु पर्ने व्यवस्थालाई कडाई गरी नदीजन्य पदार्थको राजस्व चुवावट नियन्त्रण गर्न सम्बन्धित कार्यालयहरुले भुक्तानीका वखत नदीजन्य पदार्थ प्रयोग हुने योजनाहरुमा गाउँपालिकामा (नदीजन्य

पदार्थको ठेक्का नलागेको हकमा) राजस्व बुझाएको रसिद समेत अनिवार्य पेश गर्नुपर्ने व्यवस्था मिलाईदिन र उपभोक्ता समिति/ निर्माण व्यवसायीसँग योजना तथा कार्यक्रम सम्झौता हुँदा नै सो विषयमा सम्बन्धित उपभोक्ता समिति/ निर्माण व्यवसायीलाई जानकारी गराउन समेत सम्वद्ध प्रदेश सरकार अन्तर्गतका कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

<u>विविधः</u>

(क) गाउँपालिकाको राजस्व परामर्श समितिबाट पेश हुन आएको आ.व. २०८१/०८२ को नदीजन्य पदार्थ (स्वीकृत IEE प्रतिवेदन) तथा तरकारी, जडिबुटी तथा जीवजन्तु व्यवसाय करको संकलन निम्नानुसार परिमाण र रकममा सूचना प्रकाशन गरी ठेक्का आव्हान गर्ने निर्णय गरियोः

<u>१. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा तथा रोडा)</u>

| IEE प्रतिवेदनमा उल्लेख भए अनुसार उत्खनन तथा संकलन गर्ने क्षेत्रहरु | परिमाण | राजस्व प्रति क्यू फुट | उत्खनन् तथा संकलन गर्न सकिने परिमाण (क्यु फिट) | संकलन गर्न सकिने राजस्व रकम |
|---|---|---|---|---|
| गोराङ्दी दोभान देखी नाकछेडा दोभान हुदै झोल्लुङ्गे पुल सम्म र मादलसिङ दोभान, गर्खा दोभान क्षेत्र | ३८४३४ | ७ | १३५५९५१।५२ | ९४९१६६०।६४ |
| च्याखेटार, घुमाउने, ल्याङराङ, भाल्टार दोभान र नामटार दोभान क्षेत्र | ८६८४ | ७ | ३०६३७१।५२ | २१४४६००।६४ |
| | ४७११८ | | १६६२३२३।०४ | ११६३६२६१।३ |
| वातावरण शुल्क | | ०।२ | १९६८६९४।५६ | ३९३७३८।९१२ |
| जम्मा | | | | १२०३०००।२ |
| मु.अ.कर | | | | १५६३९००।०२ |
| मु.अ.कर सहित जम्मा राजस्व रकम | | | | १३५९३९००।२ |

<u>२. तरकारी, जडिबुटी तथा जीवजन्तु व्यवसाय कर</u>

| विवरण | संकलन केन्द्र | न्यूनतम कवोल अंक (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|
| तरकारी, जडिबुटी, कवडी र जीवजन्तु व्यवसाय कर | नामटार नाका | १०००००।०० | |

विनोद रोका
प्रशासकीय अधिकृत

बहादुर सुनार

| | | | |
|---|---|---|---|
| तरकारी, जडिबुटी, कवडी र जीवजन्तु व्यवसाय कर | गोगने नाका | १०००००।०० | |

(ख) कैलाश गाउँपालिकाको शिक्षा समितिको मिति २०८१/०१/०७ को निर्णयानुसार कैलाश-२ स्थित कमलादेवी मा.वि. मा कार्यरत प्रा.वि. स्थायी शिक्षक श्री ध्रुवराज विष्टलाई गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कर्मचारीको अभावको कारण स्रोत शिक्षकको रुपमा क्रामकाज गर्ने गरी काज सरुवा गरिएकोमा सोलाई अनुमोदन गर्ने निर्णय गरियो।

(ग) गाउँपालिकाको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्ने उद्देश्यका साथ कैलाश गाउँपालिकाको गाउँ शिक्षा योजना गाउँ शिक्षा समितिको नेतृत्वमा तर्जूमा गर्ने निर्णय गरियो।

(घ) कैलाश गाउँपालिकाका सामुदायिक माध्यमिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी (लेखापाल) हरुले खाईपाई आएको सुरु तलब स्केलमा रु ४५००/- का दरले आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित आन्तरिक स्रोतबाट सम्वत् २०८१ श्रावण १ देखि लागू हुने गरी थप गर्ने निर्णय गरियो।

(ङ) कैलाश गाउँपालिका क्षेत्रभित्र २ वटा सुमो (ना १ ज १९१९ र ना १ ज २०९४) सञ्चालन गर्न रुट अनुमति प्रदान गरी पाउँ भनी निवेदक श्री रिजन सुनारले गाउँपालिकाको कार्यालयमा निवेदन पेश गरेको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) ट (२) बमोजिम देहायका रुटहरुमा निम्न भाडा दर कायम गरी तोकिएका सुमो सञ्चालन गर्न रुट अनिमति प्रदान गर्ने निर्णय गरियो।

तपसिलः

| सि.नं. | रुट | भाडा दर |
|---|---|---|
| १ | पकनी देखि हेटौंडासम्म | रु ८५०/- |
| २ | चापाखर्क- खोलाखर्क- छ्याङ्गदुङ्ग- बैकुण्ठ- हेटौंडा | रु ८००/- |
| ३ | पकनी- कालिकाटार | रु ६००/- |
| ४ | चापाखर्क- खोलाखर्क देखि कालिकाटार | रु ५००/- |
| ५ | सानो डाँडाखर्क- हेटौंडा | रु ६००/- |
| ६ | भार्ता- हेटौंडा | रु ५००/- |

| | | |
|---|---|---|
| ७ | कालिकाटार- हेटौंडा | रु ४००/- |
| ८ | चापाखर्क देखि मनहरी | रु ७००/- |
| ९ | सानो डाँडाखर्क- मनहरी | रु ६००/- |
| १० | भार्ता- मनहरी | रु ४००/- |
| ११ | कालिकाटार- मनहरी | रु ३००/- |

(च) कैलाश गाउँपालिका वडा नं. १, वरभञ्ज्याङ्ग स्थित डाँडाखर्क स्वास्थ्य चौकी रहेको जग्गामा विगत देखि नै स्वास्थ्य चौकी सञ्चालन हुँदै आएको र स्वास्थ्य चौकीको लागि आवश्यक पर्ने संरचनाहरु समेत बनिसकेको सन्दर्भमा सो जग्गा व्यक्तिगत रहेको हुँदा हाल सुर्य बहादुर मुक्तान समेतको संयुक्त हकहिस्सामा रहेको कित्ता नं. ३३८, ८-४-१-३ क्षेत्रफलको जग्गामध्ये स्वास्थ्य चौकीले चर्चेको जग्गा (करिव २ रोपनी) स्वास्थ्य चौकीको नाममा खरिद गर्नुपर्ने भएकोले जग्गा खरिद गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

(छ) रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा ६ मा रहेको रोजगार संयोजक पदपूर्ति समितिको (ख) अन्तर्गत विषय विज्ञ सदस्यको रुपमा गाउँपालिकाका सूचना प्रविधि अधिकृत श्री प्रकाश राईलाई तोक्ने निर्णय गरियो।

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

लोक बहादुर मुक्तान
अध्यक्ष

Scanned with
CamScanner